नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, काठमाडौं ।

# सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/१०/२५

यस कार्यालयको कार्यालय प्रयोजनको लागि काममा आउन नसक्ने भई लिलाम विक्रीका लागि ठहर भएको न्यूनतम मुल्य रु १२१५५।- (अक्षरेपी रु बाह्र हजार एक सय पचपन्न मात्र) कायम भएको पुरानो जिन्सी मालसामानहरु कार्यालय परिसरमा जे जस्तो अवस्थामा रहेका छन सोही अवस्थामा उठाई लैजाने सिलवन्दी दरभाउपत्रको माध्यमबाट लिलाम विक्री गर्नका लागि निम्न शर्त बन्देजमा रहने गरी यो ७ दिने सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. शिलवन्दी दरभाउपत्र फारामको लागि रु १०००।०० (एकहजार मात्र) पछि फिर्ता नहुने गरी एनएमवि वैंक लि. ववरमहल जिल्ला प्रशासंन कार्यालय काठमाडौंको हाता भित्र रहेको वैंक) मा राजश्व बुझाएको राजश्व भौचरका साथ व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्र र फर्म कम्पनीको हकमा फर्म दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाणपत्र र आ.व. २०८०।८१ सम्मको कर चुक्ता प्रमाणपत्र सहित निवेदन दिई यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्म कार्यालय समय भित्र यस कार्यालय बाट खरिद गर्न सकिने छ।

२. दरभाउपत्र फाराम साथ कुल कवोल रकमको कम्तीमा १० प्रतिशत बरावरले हुने धरौटी बापतको रकम नेपाल राष्ट्रिय वाणीज्य बैंकमा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय सिंहदरवारको धरौटी खाता नं. १९६०१००१०२०३०००० कार्यालय कोड नं. ३१४९२३५०३ मा जम्मा गरेको सक्कल प्रति बैंक भौचर वा यस कार्यालयमा नगद जम्मा गरीएको धरौटीको नगदी रसिद संलग्न गर्नु पर्ने छ।

३. दरभाउपत्र फारामको प्रत्येक पानामा दस्तखत गरी फर्म भए फर्मको छाप समेत लगाई भर्नु पर्ने विवरण सबै भरी पेश गर्नु पर्नेछ।

४. दरभाउपत्र फाराम बुझाउँदा सिलवन्दी गरी खामवाहिर जिन्सी लिलाम सम्बन्धी सिलवन्दी दरभाउपत्र भनि उल्लेख गरी सूचना प्रकाशित भएको मितिले ८ औं दिन मिति २०८१।११।२ गते दिनको १२:०० बजे सम्ममा दर्ता गराई सक्नु पर्ने छ र उक्त दर्ता भएको दरभाउपत्र सोहि दिन दिनको ५:०० बजे कार्यालय र दरभाउपत्र दाता वा निजको पत्र सहितको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र तोकिएको समयमै खोल्न वाधा पर्ने छैन।

५. कारणवश दरभाउपत्र खरिद गर्ने, पेश गर्ने वा खोल्ने दिन विदा परेमा त्यस पछिको कार्यालय खुल्ने दिन, सोही स्थान र समयमा क्रमशः उक्त कार्यहरु गरिने छ।

६. रीत नपुगी, म्याद नाघी वा कुनै शर्त राखी पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

७. दरभाउपत्र फाराममा उल्लेख गरिएको दरभाउ अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेखित दरभाउलाई मान्यता दिईनेछ।

८. लिलाम सम्बन्धी सामान हेर्न बुझ्नको लागि वा अन्य थप जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

९. अन्य थप कुराहरु प्रचलित आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ तथा लिलाम सम्बन्धी बोलपत्र कागजातमा उल्लेख भए बमोजिम हुनेछ।